वार्षिक प्रगति समीक्षा

प्रतिवेदन

आ.व. २०८२/२०८३



टोखा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौ

प्राक्कथन

आजको समाजमा सरकारी र सार्वजनिक निकायहरूको कार्यक्षमता, पारदर्शिता र उत्तरदायित्वका लागि भए गरेको कामहरुको जनतासमक्ष प्रबोधीकरण गर्ने कार्य अत्यन्त महत्त्वपूर्ण बनेको छ। यसैका क्रममा जनताको सबभन्दा नजिकमा रहेको स्थानीय सरकारको रूपमा यस नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वर्षभरिमा सम्पादन गरिएका कार्यहरुको सारांश समेटी प्रतिवेदनका रुपमा यो समीक्षा पुस्तक तयार गरिएको हो ।यो जनप्रतिनिधि, कर्मचारी र नगरबासी बिच सुमधुर सम्बन्ध स्थापना गर्ने एउटा प्रभावकारी कडी पनि हो ।यस पुस्तिकाले नगरपालिकाको सम्पूर्ण कार्यहरूको उपलब्धी, समग्र मूल्याङ्कनका सूचकहरू, यथास्थितिका समस्या तथा चुनौतीहरू र आगामी योजनाहरूको आवश्यकताको झलक प्रस्तुत गर्न मद्दत पुर्याउँछ।

यस नगरपालिकाले आफ्नो क्षेत्र भित्रका जग्गा बर्गीकरण सम्पन्न भई सकेछ, कृषकहरुलाई आवश्यक औजार, उपकरण, वीउ, मल तथा किटनासक औषधी वितरण, छाडा चौपाया नियन्त्रण, पशु जन्य रोगहरुको नियन्त्रण, सहकारी संचालकहरुमा तालिम, वेरोजगारको लगत संकलन र न्यूनतम रोजगार दिनको सुनिश्चितता, आवश्यकताको आधारमा तालिम प्रवाह, विद्यार्थी दिवा खाजा, सामुदायिक विद्यालयमा लिफ्टसहितको अपाङ्गता मैत्री भवन, आया, सुरक्षा गार्ड, विद्यार्थी बीमा र स्वास्थ्यतर्फ निःशुल्क रगत, ज्येष्ठ नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण, आन्तरिक राजस्वमा बृद्धि, कर सप्ताह एवं व्यवसाय दर्ता अभियान संचालन जस्ता मौलिक कार्यक्रमहरु सफलताका साथ कार्यान्वयन गरेको छ । त्यस्तै सडक,पुल, ढल निकास, सरसफाई अभियान संचालन गर्दै सरकारी तथा सार्वजनिक भवन तथा जग्गा संरक्षणमा उल्लेखनीय सफलता हासिल गरेको छ यस अवसरमा नगरपालिकाका सफलताका कथा प्रस्तुत गर्न पाउँदा नगरपालिका गौरवान्वित महशुस गर्दछ ।

यो स्थिति प्रतिवेदनको निर्माण गर्दा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रमका सरोकारवालाको भनाइ, नगरकार्यपालिका, विषयगत समिति, वडा समिति र शाखागत वैठकका टिप्पणी, सयम समयमा गरिने निरीक्षण तथा अनुगमन, वडा तथा बस्तीहरुबाट प्राप्त भएका योजना तथा प्रतिवेदन र फिल्डका कर्मचारीहरुको संलग्नतामा सम्पादित कार्यहरुको बेलाबेलामा गर्ने गरिएको अनुगमन र मूल्याङ्कनलाई आधार लिइएको छ ।यसलाई अन्य जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारीहरुवाट आएका सुझावहरुलाई आत्मसात गर्दै समृद्ध पारिएको छ ।

यस पुस्तिकाले नगरपालिकाले संचालन गरेका योजनाहरू र विकास कार्यहरूको प्रगति, प्राथमिकताका क्षेत्रहरू र तिनका परिणामहरूको सम्पूर्ण अवलोकन गर्ने अवसर प्रदान गर्दछ। यसका माध्यमबाट, नगरपालिकाका सेवाप्रदायक र सेवाग्राहीबीचको अन्तरक्रिया, योजना निर्माण र कार्यान्वयनमा भएका सुधारको मूल्याङ्कन गर्न सकिन्छ। यसले नगरपालिकालाई सार्वजनिक सेवाहरूको सन्तुष्टि र गुणस्तर सुधार गर्न मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

यस पुस्तिकामा नगरपालिकाका मुख्य मुख्य उपलब्धि, असल अभ्यास र यसका विभिन्न क्षेत्रहरूमा देखिएका समस्या तथा चुनौतीहरूको समिक्षा गरिएको छ । यस पुस्तकले सरोकारवाला जनप्रतिनिधि, कर्मचारी, शिक्षक,

पत्रकार तथा बुद्धिजीवीलगायत सम्पूर्ण नगरबासीलाई टोखा नगरपालिकामा भए गरेका क्रियाकलापबारे जानकारी दिने छ । यसबाट सरोकारवाला व्यक्तिले जनप्रतिनिधिहरूसँगको संवादमा सक्रिय भूमिका निर्वाह गर्न र उनीहरूको लागि अझ प्रभावकारी सेवाहरू सुनिश्चित गर्ने वातावरण निर्माणमा सहयोग गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

यस समीक्षा पुस्तिकामा स्थानीय सरकारको हैसियतले गरेका कानुनी व्यवस्था, कार्य सञ्चालन प्रक्रिया र निर्देशनात्मक निर्णयसमेत समावेश गरिएको छ ।यसमा औल्याइएको अवसरको उपयोग, विगतका अनुभव र देखिएका समस्याको निराकरणबाट नगरपालिकाले आफ्नो कार्यशैलीलाई सुधार गर्दै, अझ पारदर्शी र उत्तरदायी सरकारको रूपमा कार्य गर्नका लागि नयाँ दिशा र प्रेरणा प्राप्त गर्नेछ। यस प्रतिवेदन संघ,प्रदेश सरकार, अन्य स्थानीय तह एवं कार्यालयहरु र नगरबासीका लागि सूचनाको संगालो मात्र होइन, कार्यविवरणको अभिलेख पनि हो, भावी योजना निर्माण र कार्यान्वयनका लागि पृष्ठपोषण पनि हो ।

समग्रमा प्रगति प्रतिवेदन नीति,बजेट तथा कार्यक्रमलाई व्यवहारमा उतारिएको अवस्था देखिने दस्तावेज हो । यस प्रकाशनले टोखा नगरपालिकाको आ.व. २०८२/८३ को नीतिगत व्यवस्थालाई व्यवहारमा वदलिएको मूल्याङ्न गर्ने आधार पनि हो ।टोखा नगरपालिकाले आ.व.२०८२/८३ को यस उपलव्धिलाई आत्मसाथ गर्दै आगामी दिनमा आयोजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन लगायतका कार्यमा आगामी दिनमा थप सशक्त वनाउन पृष्ठपोषण दिने दस्तावेजका रुपमा समेत यस प्रतिवेदन रहनेछ ।

अन्त्यमा यस पुस्तिकामा नगरपालिकाले गरेका कार्यलाई प्रबोधीकरण गर्ने, प्रचारप्रसार गर्ने कार्यमा सहयोग पुग्ने दृष्टिकोणले मुख्य मुख्य कार्यको उपलब्धि, असल अभ्यास, समस्या र चुनौतिसमेतलाई समावेश गरी यस रुपमा प्रस्तुत गर्न योगदान पुर्याउनु हुने जनप्रतिनिधि तथा कर्मचारीहरुप्रति हार्दिक धन्यवाद छ । आगामी वर्षका कार्यक्रमहरूलाई अझ व्यावहारिक, प्रभावकारी र पारदर्शी रुपमा सम्पादन गर्न सदाझै सबै नगरबासीको रचनात्मक सुझावको अपेक्षा गरिन्छ ।

टोखा नगरपालिका

परिच्छेद-१

परिचयः

परिचय	स्थापना वि.स २०७१ मंसिर १६, समावेश भएका साविकका गा.वि.स.हरु झोरमहाँकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र गोगंवुँ (५ वटा) निर्वाचन क्षेत्र- काठमाडौं ५ र ६ , कूल वडा संख्या - ११ जम्मा जनप्रतिनिधि संख्या - ५९ जना , वर्तमान नगर प्रमुख/ उप-प्रमुख - प्रकाश अधिकारी/ मुरारी तामाङ
भौगोलिक अवस्था	बागमती प्रदेश, काठमाडौं जिल्लाको उत्तरमा अवस्थित, क्षेत्रफल १७.११ बर्ग कि.मि., पूर्वतर्फ बुढानीलकण्ठ नगरपालिका, पश्चिमतर्फ तारकेश्वर नगरपालिका र का.म.न.पा. वडा नं. १६, उत्तरतर्फ शिवपुरी राष्ट्रिय निकुन्ज र नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका, दक्षिणतर्फ का.म.न.पा. वडा नं. ३ र २६, हावापानी — समशीतोष्ण, प्रमुख नदीहरु- विष्णुमति, साङ्गलेखोला
जनसाङ्ख्यिक अवस्था	कूल जनसंख्या - १,३३,७५५, पुरुषको संख्या- ६५,५३२, महिलाको संख्या- ६७,२२३, घरधुरी- २५५६१, जनघनत्व- ८८१७.३६ ब्यक्ति प्रति बर्ग कि.मि.
आर्थिक अवस्था	प्रमुख आयआर्जनको श्रोत - नोकरी, बैदेशिक रोजगारी, ब्यापार/व्यवसाय मुख्य वाली- तरकारी, नगरपालिकामा आवद्ध सहकारी संस्थाहरु- १११
शैक्षिक/सामाजिक/साँस्कृतिक अवस्था	प्रमुख धार्मिक क्षेत्रहरु- झोरमहाँकालको बौडेश्वर महादेव, सपनतिर्थ मन्दिर, चण्डेश्वरी मन्दिर, मसानकाली मन्दिर, भूतखेल चौर र सामुदायिक वन, बसुन्धरा, मनोहर तिर्थधाम प्रमुख मेला पर्व - बिस्केट जात्रा, प्रमुख पोखरी - सपनातिर्थ (बैसाख १ गते मेला लाग्ने) प्रमुख जातजातिहरु - ब्राम्हण,क्षेत्री,नेवार,तामाङ्ग, प्रमुख भाषा- नेपाली, तामाङ, नेवारी, प्रमुख धर्म- हिन्दु, बौद्ध सामुदायिक विद्यालय/संस्थागत विद्यालय/बैकल्पिक, सामुदायिक सिकाई केन्द्र- ९/८१/३३ साक्षरता प्रतिशत- ९१, सरकारी स्वास्थ्य संस्था - ११
अन्य प्रमुख चिनारी	टोखा चाकु, ग्राण्डी अस्पताल, देउराली जनता फर्मास्युटिकल्स, ईशान बाल तथा महिलाअस्पताल, टोखा छहरे सडकखण्ड/प्रस्तावित सुरुङमार्ग

१.२ स्थिति प्रतिवेदनको परिचय

क. पृष्ठभूमिः

नगरपालिकाले तयार गरेको वार्षिक कार्यक्रम तथा बजेटले लिइएका लक्ष्य अनुसारको कार्यक्रम कार्यान्वयनको प्रगति विवरण प्रस्तुत गर्नु स्थिति प्रतिवेदनको मुख्य लक्ष्य रहेको छ । साथै नगरपालिकाको आवश्यकता अनुसार तयार गरिएको वार्षिक कार्यक्रम तथा वजेट अनुसार गरिएका कामहरुको सम्बन्धमा भए गरेका कार्यहरुको अवस्थाको वस्तुनिष्ठ प्रस्तुतिकरण नै स्थिति प्रतिदेन हो । स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँ/नगर/जिल्ला सभा सन्चालन कार्यविधि सम्बन्धी ऐन, २०७५ तथा टोखा नगरपालिकाको विभिन्न विषयगत समिति (कार्य सन्चालन) नियमावली, २०७९ बमोजिम उल्लेख भएका विभिन्न समिति, पदाधिकारी तथा कर्मचारीको मुख्य काम, कर्तव्य र अधिकार अनुसार काम कारवाही सञ्चालित छन् ।

ख. उद्देश्यः

वार्षिक कार्यक्रम तथा वजेट अनुसार गरिएका कामहरुको सम्बन्धमा निम्नानुसारको उद्देश्यहरु प्रस्तुत गरिएको छः

1. नगरसभाद्वारा स्वीकृत भएको निति, कार्यक्रम तथा विनियोजित वजेटबाट के कस्ता कार्यक्रमबाट के कति उपलव्धि हासिल भयो सोको स्पष्ट खाका प्रस्तुत गर्नु,
2. सञ्चालित कार्यक्रमको कार्यान्वयनको अवस्था कस्तो रह्यो ? कुन स्थानमा के कस्ता कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ?सो सम्बन्धी कार्यको वार्षिक स्थिति प्रतिवेदन तयार गर्नु,
3. विभिन्न समिति अन्तर्गतका शाखाहरूको सेवा प्रवाह र कार्यसम्पादनको अवस्था तथा मुख्य कार्यक्रमहरुको लेखाजोखा गरी सुधारका कदमहरु चाल्नु,
4. नगर गौरवका विकास कार्यक्रम र अन्य कार्यक्रम कार्यान्वयनको स्थिति तथा अवस्था प्रस्तुत गर्ने,
5. कार्यक्रम निर्माण, योजना कार्यान्वयन र अध्ययन, अवलोकन, निरीक्षण गरी अनुगमन गर्ने तथा सरोकारवालाहरुको भूमिकाको पृष्ठपोषण प्राप्त गर्ने र जिम्मेवारी तथा जवाफदेहिता वोध हुने गरी भावि कार्यका लागि सुधारको खाका तयार गर्ने,
6. नगरद्वारा सम्पादन भएका कार्यमा सम्बन्धित सवैको ध्यानाकृष्ट गराई राय, सुझाव, सल्लाह, निर्देशन प्रदान गर्ने ।

ग. स्थिति प्रतिवेदनको निर्माण प्रक्रियाः

यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विभिन्ननगरकार्यपालिका वैठक, शाखागत वैठक, सयम समयमा गरिने निरीक्षण तथा अनुगमन, वडा तथा बस्तीहरुबाट प्राप्त भएका योजना तथा प्रतिवेदनको आधार र फिल्डका कर्मचारीहरुको संलग्नतामा सम्पादित कार्यहरुको बेलाबेलामा गर्ने गरिएको अनुगमन र मूल्याङ्कनका आधारमा स्थिति प्रतिवेदनतयार पारिएको हो ।

यसलाई अन्य जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारीहरुवाट आएका सुझावहरुलाई आत्मसात गर्दै समृद्ध गरिएको छ । साथै नगर कार्यपालिकाबाट प्राप्त निर्देशनसमेतका आधारमा अन्तिमीकरण गरी यो स्थिति प्रतिवेदन यो स्वरूपमा निर्माण भएको हो ।

घ. स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरुः

यसमा उल्लेखित विवरण र विश्लेषणका तथ्याङ्कका स्रोतहरु मुख्यतः विभिन्न शाखा र वडाहरुबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन, वार्षिक कार्यक्रम तथा वजेट, विभिन्न योजना, आयोजना, अनुगमन तथा निरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन तथा विकास कार्यक्रमको अवस्था बोध तथा पृष्ठपोषणका आधारमा यो स्थिति प्रतिवेदन तयार गरिएको छ ।

टोखा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाण्डौ

आ.व.२०८२/८३ को बार्षिक समीक्षा प्रतिवेदन

(प्रस्तुती मितिः २०८३ भाद्र ४ र ५ गते नगरपालिकाको सभाहल)

आ.व. २०८२/८३ मा क्षेत्रगत विनियोजन र खर्चको अवस्था

क्र.स	क्षेत्र	विनियोजित रकम	विनियोजित %	खर्च रकम	विनियोजनमा खर्च%	खर्चको %
१	आर्थिक विकास	६०६००	३.२२	३४३०३	५६.६१	३.००
२	सामाजिक विकास	४५७९६३	२४.३३	३३८३७५	७३.८९	२९.६०
३	पूर्वाधार विकास	९८२१७७	५२.१७	४९६०१३	५०.५०	४३.३९
४	वातावरण तथा विपद् व्यवस्थापन	३७५८०	२.००	१३११९	३४.९१	१.१५
५	संस्थागत विकास सेवा प्रवाह र सुशासन	३४४२१९	१८.२८	२६१२९३	७५.९१	२२.८६
	जम्मा	१८८२५३९	१००.००	११४३१०३	६०.७२	१००.००

चालु र पुजींगत खर्चको अवस्था

चालु	८०३२९४	५९६६३८	७४.२७
पुजीगत	१०७९२४५	५४६४६५	५०.६३
जम्मा	१८८२५३९	११४३१०३	६०.७२

१. आर्थिक विकास समिति

आर्थिक विकास समिति पदाधिकारीहरु

संयोजक: श्री रमेश कुमार लामिछाने	वडा नं १ अध्यक्ष
सदस्य: मचाकाजी महर्जन	वडा नं १० अध्यक्ष
सदस्य: सरिता घले	कार्यपालिका सदस्य
सदस्य: कमला कार्की	प्रशासन शाखा प्रमुख
सदस्य: तीर्थ बहादुर कार्की	पशु सेवा शाखा प्रमुख
सदस्य: सृजना आचार्य	रोजगार संयोजक
सदस्य: रोश्री तामाङ्ग	उद्यम सहजकर्ता
सदस्य सचिव: सुमित्रा पाठक	कृषि प्रसार अधिकृत

प्रमुख उपलब्धिहरु,असल अभ्यास तथा समस्या चुनौतिहरु

<u>कृषि शाखा</u>

मुख्य मुख्य उपलव्धिहरुः

- आ व २०८१।८२ मा स्थापना भएको पकेट विकास कार्यक्रमको निरन्तरता
- ३५ जना व्यवसायिक कृषकहरुलाई विषादी सचेतना कार्यक्रम
- कृषि पशुपन्छी तथा मत्स्य तथ्याँक अध्यावधिक कार्यक्रम
- नगरवासीलाई हिउँदे तरकारीको विउ २२००सेट तथा वर्षे २४०६ सेट निशुल्क वितरण
- ५०% लागत साझेदारीमा कृषकहरुलाई २३ थान मिनीटिलर वितरण
- ३३ जना कृषकलाई ६०० मी ७०जिएस एम टनेल प्लाष्टिक वितरण
- घरायसी फोहोर व्यस्थापन गरि कम्पोष्ट मल बनाउने सामाग्री ई एम २३६०ली.निशुल्क वितरण
- कृषकको सीप क्षमता विकासका लागि ७३ जना कृषकलाई तालिम प्रदान
- रेशम प्रवर्धनका लागि वडा नं १ मा करिब १० रोपनी जग्गामा किम्बु विरुवा रोपण तथा व्यवस्थापन

- ५०% अनुदानमा व्यवसायिक तथा कौशी कृषकहरुलाई २०१४७ के जि गड्यौली मल वितरण
- बाली उपचार शिविर मार्फत बाली विरुवामा लाग्ने रोगकीरा का २५० वटा नमूना परिक्षण गरि प्राविधिक सेवा दिएको
- नगरवासीलाई वर्षे फलफूलका विभिन्न विरुवाहरु २१२७ गोटा निशुल्क वितरण
- ५०% लागत साझेदारीमा कृषकहरुलाई ७०००के जी गहुँ तथा २२६६के जी धानको उन्नत विउ वितरण
- ३५ जना व्यवसायीक कृषकहरुलाई विषादि सचेनता कार्यक्रम संचालन
- ४७ जना कृषकहरुलाई ५० थान स्प्रेयर ५०% अनुदानमा वितरण
- आकस्मिक सेवाटेवा अन्तरगत २८५ जना नगरबासीलाई बिभिन्न फेरोमन ट्याप तथा ल्युर निशुल्क वितरण
- रोगकीरा व्यस्थापनका लागि ४२० जना कृषकहरुलाई जैविक तथा अन्य बिषादि निशुल्क वितरण
- व्यवसायिक तथा कौशी कृषकहरुलाई माटो सुधारका लागि ३९२ के जी कृषि चून निशुल्क वितरण
- वडा नं २ मा २ जना कृषकहरुले कन्ये तथा सिताके च्याउ प्रवर्धन कार्यक्रम संचालन गरेको

असल अभ्यासः

- वडा नं २ का २ जना कृषकले ७ रोपनी जग्गामा पकेट बिकास कार्यक्रम कन्ये च्याउ खेती गरि बजारमा ताजा च्याउ उपलब्ध भएको
- ब्यवासायिक कृषकहरुलाई विषादीको प्रयोग बिधि बजारमा उपलब्ध भएका विषादि तथा प्रतिबन्धित बिषादि तथा जैविक विषादिबारे प्रयोगात्मक जानकारी
- २९१ जना कृषकहरुको तथ्याँक अध्यावधिक भएको
- प्राँगारिक तरकारी उत्पादन भएको
- कौशीखेती कार्यक्रम मार्फत घरायसी फोहोर व्यवस्थापन तथा स्वस्थ कृषि उत्पादन
- कृषिमा यान्त्रिकीकरणको कारण खेती लागत खर्च कमी
- किम्बु रोपणबाट रेशम खेतीको सुरुवात तथा रोजगारी सृजना
- तालिम मार्फत कृषकको सीप क्षमता विकास भएको
- बातावरण संरक्षण
- उन्नत विउविजन वितरणबाट खाध्यान्न उत्पादन वृद्धि

- प्राँगारिक कृषि उत्पादन भएको
- बाली उपचार शिविर सचेतना कार्यक्रम तथा प्राविधिक सेवाबाट रोगकीरा व्यवस्थापनमा सहयोग
- बजारमा ताजा च्याउको उपलब्धता भएको
- बातावरण संरक्षण
- उन्नत विउविजन वितरणबाट खाध्यान्न उत्पादन वृद्धि
- प्राँगारिक कृषि उत्पादन भएको
- बाली उपचार शिविर सचेतना कार्यक्रम तथा प्राविधिक सेवाबाट रोगकीरा व्यवस्थापनमा सहयोग
- बजारमा ताजा च्याउको उपलब्धता भएको

समस्या चुनौतिहरुः

- बजारमा गुणस्तरियहिन सामाग्रीको बिगबिगी
- जग्गा बहाल कर कृषकले तिर्नु परेकोले खेती खर्च बढेको
- उत्पादित वस्तुले उचित मूल्य नपाउने साथै बजारीकरणमा समस्या
- वालीमा देखिने विभिन्न रोगहरुका कारण उत्पादनमा ह्रास
- कृषि बिकास शाखामा कृषि वस्तु भण्डारण कक्षको अभाव
- वर्षेनी शाखागत बजेट बिनीयोजन घट्दो ।
- बिचौलियाको बिगबिगी
- बिषादि परिक्षण गर्न कठिनाई
- वडा कार्यालयहरु र शाखागत समन्वयमा नहुनु

<u>पशु सेवा शाखा</u>

मुख्य मुख्य उपलब्धिहरुः

- लोकल कुखुरा र हाँस प्रवर्द्धन कार्यक्रम टोखा १ मा (एकीकृत कृषि पर्यटन बिकास केन्द्र लाई) ५०% लागत साझेदारीमा अनुदान ।

- कृत्रिम गर्भधान गर्ने आवश्यक सामाग्री खरिद र नाईट्रोजन खरिद गरि गाई १२९८, भैसीं १६५ वटा र बाख्रा ११० मा कृत्रिम गर्भधान गरिएको ।
- रेविज रोग बिरुद्धको ७२७ डोज खोप खरिद गरिएको ।
- वटा डिप फ्रिज विवरण गरियो(३१८लि-३ वटा र ४२५ लि.-३ वटा
- ५४ वटा सडकमा रहेको बाछा बाच्छीहरुको उद्धार गरिएको ८२ वटा सामुदायिक कुकुर बिरालोहरुको उपचार तथा उद्धार कार्यक्रम भएको (बिरालो-४, कुकुर- ७८)
- ६४ थान काउ म्याट खरिद गरि गाई भैसी पालक कृषक/फार्महरुलाई वितरण गरिएको ।
- ८ वटा कृषक/फार्महरुलाई छनौट गरि गोठ खोर सुधार गर्नको लागि अनुदान दिएको ।
- औषधी खरिद गरि टोखा नगरपालिका भित्रका ६९९ फार्म/कृषकहरु लाई वितरण
- ५०% अनुदानमा २ वटा व्यवसायी गाई/भैसी पालन फार्महरुलाई दुध दुहुने मेसिन वितरण
- ११७७ वटा सामुदायिक कुकुरहरुमा रेविज खोप लगाएको
- २७२वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण
- २ वटा सामुदायिक विधालयका कक्षा ९ र १० मा अध्यनरत २२५ जना विधार्थीहरुलाई जुनोटिक रोग सम्बन्धी विधालय शिक्षा संचालन
- मरेको पशु पाडा १,बिरालो१,बहर४ र कुकुर६१ गरि जम्मा ६७ वटाको व्यवस्थापन कार्य
- वडा नं १ देखि वडा नं ११ भित्र संचालनमा रहेको खाद्य बिक्रेता,बधशाला, मासु पसल, दूग्धडेरि तथा भेटेरिनरी औषधी पसल गरि जम्मा ९८ वटा व्यवसायहरुको अनुगमन

असल अभ्यासः

- लोकल कुखुरापालन सुरुवात
- पशुवस्तुमा नश्ल सुधार भइ उत्पादन वृद्धि
- रेविज रोग नियन्त्रण
- खोप मार्फत महामारी रोग नियन्त्रण

- पशुवस्तुमा नश्ल सुधार भइ उत्पादन वृद्धि
- रेविज रोग नियन्त्रण
- खोप मार्फत महामारी रोग नियन्त्रण
- विद्यालय शिक्षा मार्फत जुनोटीक रोग सम्बन्धी बालबालिकामा जनचेतना अभिवृद्धि
- मरेको पशु व्यववस्थापन गरि वातावरण सुरक्षा

समस्या, चूनौतिः

- पशुवस्तुमा नश्ल सुधार भइ उत्पादन वृद्धि
- रेविज रोग नियन्त्रण
- खोप मार्फत महामारी रोग नियन्त्रण
- विद्यालय शिक्षा मार्फत जुनोटीक रोग सम्बन्धी बालबालिकामा जनचेतना अभिवृद्धि
- मरेको पशु व्यववस्थापन गरि वातावरण सुरक्षा
- पशुपंछीहरुमा देखिने विभिन्न रोगहरुका कारण उत्पादनमा ह्रास
- खुला सिमाना, बढ्दो जनघनत्वका कारण सामुदायिक पशु नियन्त्रण गर्न कठिनाई
- पशुपंछीहरुमा देखिने विभिन्न रोगहरुका कारण उत्पादनमा ह्रास
- बजार अनुगमनको क्रममा जफत गरिएका वस्तुको प्रयोगशाला परिक्षण रिपोर्ट आउने ढिलासुस्तिका कारण बजार अनुगमनमा कठीनाई
- खुला सिमाना, बढ्दो जनघनत्वका कारण सामुदायिक पशु नियन्त्रण गर्न कठिनाई
- पशुपंछीहरुमा देखिने विभिन्न रोगहरुका कारण उत्पादनमा ह्रास
- बजार अनुगमनको क्रममा जफत गरिएका वस्तुको प्रयोगशाला परिक्षण रिपोर्ट आउने ढिलासुस्तिका कारण बजार अनुगमनमा कठीनाई
- खुला सिमाना, बढ्दो जनघनत्वका कारण सामुदायिक पशु नियन्त्रण गर्न कठिनाई

<u>सहकारी</u>

मुख्य मुख्य उपलब्धिहरुः

- सहकारी सम्बन्धि नीति नियम कार्यविधि मापदण्ड निर्माण तथा छपाई
- सहकारी गरिबी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली कोपोमिस तालिम ४१ जना सहभागी
- सहकारी वित्तिय व्यवस्थापन तथा लेखा प्रणाली
- सहकारी दिवस तथा उत्कृष्ट सहकारीलाई पुरस्कार
- सहकारी आन्तरीक लेखापरिक्षण तालिम
- ४५ जनालाई सहकारी व्यवसाय प्रवर्धन तालिम
- सहकारी शिक्षा तालिम
- नगरपालिकाको वर्तमान अवस्था चूनौती तथा सुधारका उपायहरु
- सहकारी संचालन तथा व्यवस्थापन तालिम
- ९१ जनालाई सहकारीमा डिजिटल प्रविधी र व्यवस्थापन तालिम
- १८ वटा सहकारी संस्थाहरुको अनुगमन तथा निरीक्षण

असल अभ्यासः

- सहकारी सम्बन्धी विभिन्न तालिमहरुको माध्यमबाट सहकारी संस्थाहरुको लागि आवश्यक कानूनी, सैद्धान्तिक, व्यवहारिक र प्राविधिक दक्षता अभिबृद्धि गरिएको

समस्या चुनौतीहरुः

- कोपोमिस लगायतका प्राविधिक तालिमको लागि सहभागीहरुको कम्प्युटर सम्बन्धी आवश्यक दक्षतामा कमी,
- सहकारी सदस्यहरुको ठूलो संख्यालाई सहकारी संस्थाले सदस्य क्षा/सहकारी शिक्षा जस्ता लिममा सहभागी गराउन नसक्नु, नियमित प्रशिक्षकको अभाव आदि

उधोग तथा पर्यटन

मुख्य मुख्य उपलब्धिहरुः

- अभिमुखिकरण कार्यक्रम संचालन गरि सहभागितामूलक लेखाजोखा कार्यक्रम गर्न सहज
- घरधुरी सर्वेक्षण फारम AB ५० जनाको संकलन गरि स्थानिय स्तरमा उपलब्ध श्रोतहरुकोपहिचान

- २ वटा समुह गठन
- ४४ जनालाई उद्यमशिलता विकास तालिम
- २४ जनालाई फेन्सी जुत्ता चप्पल बनाउने सीप विकास तालिम
- २० जनालाई सपिङ ब्याग बनाउने तालिम
- १५ जनालाई हस्ताकला सम्बन्धी साईपाटा सगुन सेट बनाउने तालिम
- बजार बजारीकरण तथा लघु वित्तमा पहुँच अन्तर्गत अन्तरक्रिया कार्यक्रम
- प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत इलेक्ट्रिक जुकी मेशिन २ थान र इलेक्ट्रिक फुड ड्रयर १ थान वितरण

असल अभ्यासः

- स्थानीय स्तरमा उपलब्ध स्रोतहरूको पहिचान गरी त्यसको आधारमा योजना निर्माण गरिएको।
- सम्भावित व्यवसाय छनोट तथा व्यावसायिक योजना तयार पार्न सहजीकरण गरिएको।
- उद्यमीहरूमा मासिक बचत गर्ने बानीको विकास तथा व्यवसाय दर्तातर्फ उत्साह थपिएको।
- लागत साझेदारी (२०/८०) मोडलमा आधारित प्रविधि हस्तान्तरणले उद्यमीहरूमा अपनत्व र दायित्वबोध बढाएको।

समस्या चुनौतीहरुः

- कार्यक्रम सञ्चालनका क्रममा सम्बन्धित लक्षित वर्गलाई पूर्ण रूपमा समावेश गराउन चुनौती देखिएको।
- सर्वेक्षणका क्रममा सही सूचनाको अभाव हुनुका साथै स्थानीय बासिन्दाभन्दा बढी अस्थायी व्यक्तिको उपस्थिति रहेको पाइएको।
- तालिम लिने व्यक्तिहरूको रुचि भएको व्यवसाय र अन्तिममा छनोट भएका व्यवसायबीच केही भिन्नता देखिनु मुख्य चुनौतीका रूपमा रहेको।

<u>राष्ट्रिय रोजगार कार्यक्रम</u>

मुख्य मुख्य उपलब्धिहरुः

- ५०जना सूचिकृत बेरोजगारले औषत ८० दिनको रोजगारी प्राप्त गरेको, ६ वटा वडामा १२ वटा Cash for Work आयोजना सञ्चालन गरिएको
- सूचिकृत बेरोजगार, जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ वडास्तरीय तथा नगरस्तरीय अभिमूखिकरण सञ्चालन

- श्रमडेस्क सञ्चालनमा रही Employment Portal मा श्रमिकहरुको Data संकलन गर्ने तथा श्रमिकहरुका समस्या समाधान गर्ने कार्य भैरहेको ।
- Start Up उद्यमकर्जाकोष सञ्चालन कार्यविधि निर्माण अन्तिम चरणमा रहेको, कर्जाकोषस्थापनाले उद्यमीहरु सिर्जना गर्ने उद्यश्य लिएको
- स्थानिय तहको रोजगार रणनिती निर्माण भइ सोही बमोजिम कार्यक्रमहरु सञ्चालन गरिएको,
- वैदेशिक रोजगार बौर्डबाट सञ्चालन हुने कल्याणकारी कार्यहरुका लागि नगरपालिकाबाटै सहजिकरण गर्ने गरिएको,
- बिभिन्न Referral सेवाहरु प्रवाह
- अनलाइन श्रम स्वकृति तथा बैदेशिक रोजगार सन्तती छात्रवृत्तीका लागि सहजिकरण
- बैदेशिक रोजगारसंग सम्बन्धित मनोसामाजिक समस्या समाधानका लागि मनोसामाजिक परामर्शकर्ताद्वारा परामर्श सेवा सुरु गरिएको ।

असल अभ्यासः

- सूचिकृत बेरोजगारले न्युनतम रोजगारी प्राप्त गरेको,Start Up उद्यम कर्जा कोष सञ्चालन मार्फत उद्यमीहरुलाई प्रोत्साहन गर्ने निती लिईएको, मनोसामाजिक परामर्शकर्ता द्धारा प्रदान गरिने परामर्श सेवा मार्फत स्थानिय सरकारको जिम्मेवारीलाई अझ प्रभावकारी बनाइएको
- सेवाका लागी बैदेशिक रोजगार बोर्ड जाने झण्झट कम गरि रोजगार सेवा केन्द्रबाट नै बैदेशिक रोजगार बोर्डको सेवाहरुको लागि सहजिकरण गरिएको
- आयोजना संचालन गर्दा बाताबरण संरक्षण, विरुवा संरक्षण तथा सार्वजनिक संपत्तिको संरक्षणमा जोड दिइएको, सामाजिक सुरक्षा तथा संरक्षणमा सघाउ पुगेको

समस्या चुनौतीहरुः

- प्रयाप्त बजेटको अभावमा सबै सूचिकृत बेरोजगारले न्युनतम रोजगारी प्राप्त गर्न नसकेको
- मागमा आधारीत तालिम कार्यक्रमहरु सञ्चालन गर्न नसक्दा बेरोजगारीको समस्या बढ्दो रुपमा रहेको
- Job Guarantee सहितका शिपमूलक तालिम सञ्चालन गर्न नसक्दा तालिममा गरेको लगानी मापन योग्य हुन नसकेको

- प्रयाप्त बजेटको अभावमा सबै सूचिकृत बेरोजगारले न्युनतम रोजगारी प्राप्त गर्न नसकेको
- मागमा आधारीत तालिम कार्यक्रमहरु सञ्चालन गर्न नसक्दा बेरोजगारीको समस्या बढ्दो रुपमा रहेको

- Job Guarantee सहितका शिपमूलक तालिम सञ्चालन गर्न नसक्दा तालिममा गरेको लगानी मापन योग्य हुन नसकेको ।

२. सामाजिक विकास समिति

सामाजिक विकास समितिका पदाधिकारीहरूको विवरण

- **सायरा परियार - संयोजक**
- **रनलाल कुलाल - सदस्य**
- **निर्मला रेग्मी - सदस्य**
- **अनुप राई - सदस्य**
- **प्रेम कुमार सुनुवार - सदस्य**
- **सीताराम कोइराला – स-सचिव**

सामाजिक विकास अन्तर्गतका क्षेत्रहरूः

- **शिक्षा, युवा तथा खेलकुद**
- **स्वास्थ्य**
- **सामाजिक समावेशीकरण**
- **खानेपानी**
- **सरसफाइ**
- **संस्कृति**
- **भाषा साहित्य**

शिक्षा, युवा तथा खेलकुद शाखाः

- नगरपालिकाको संगठनात्मक संरचनाभित्र रहने शिक्षा, युवा तथा खेलकुद शाखाले नगर क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालय, बालविकास केन्द्र, शैक्षिक संस्था, शिक्षक, विद्यार्थी, युवा तथा खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम र सेवा प्रवाह सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने कार्य गर्दछ ।
- यस शाखाको मूल उद्देश्य स्थानीय तहको शैक्षिक अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सर्वसुलभ, समावेशी, गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री शिक्षा, अनुशासित तथा सिर्जनशील युवा जनशक्ति र स्वस्थ एवं सक्षम नागरिक निर्माणका लागि खेलकुदको विकास गर्नु हो।

<u>संवैधानिक तथा कानूनी आधार</u>

- नेपाल संविधान, २०७२ को भाग ३ को धारा ३१ मा ५ वटा हकको व्यावस्था
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकारको व्यवस्था गरेको

- शिक्षा ऐन, २०२८ (संशोधन सहित)
- शिक्षा नियमावली, २०५९ (संशोधन सहित)
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

नीतिगत अवस्था

- सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)
- मध्यकालीन खर्च संरचना (संघ, प्रदेश र स्थानीय)
- शिक्षा नीति, २०७६
- नगर शिक्षा नीति, २०८२
- नगर शिक्षा योजना, २०८३ (ड्राफ्ट)
- हरेक आर्थिक वर्षका संघ प्रदेश तथा स्थानीय तहका वार्षिक नीति तथा कार्यक्रमहरू

आर्थिक अवस्था (आर्थिक वर्ष २०८२/०८३

सि.नं.	तह	विनियोजित रकम	खर्च	प्रतिशत
१	संघ	२५,१२,३९,०००	२०,१३,१६,३२९	८०.१२
२	प्रदेश	५६८०००	५३५२०१	९४.२३
३	स्थानीय	१०,१७,४०,०००	५,८८,००,०९४	५७.७९
४	**जम्मा**	**३५,३५,४७,०००**	**२६,०६,५१,६२४**	**७३.७२**



शैक्षिक अवस्था (शैक्षिक सत्र, २०८२)

क्र.स.	विद्यालय	संख्या
१	सामुदायिक	९
२	वैकल्पिक	३
३	संस्थागत	८०
४	ECD	२४
५	सामुदायिक सिकाइ केन्द्र	३
६	सामुदायिक पुस्तकालय	५

विद्यार्थीहरूको विवरण

क्र.स	विद्यालय	छात्र	छात्रा	जम्मा
१	सामुदायिक	३१६२	३१२०	६२८२
२	संस्थागत	१३७५८	१७६२९	३१३८७

३	वैकल्पिक	१०४	१७	१२१
४	जम्मा	१७०२४	२०७६६	३७७९०



<u>शिक्षकको विवरण (सामुदायिक विद्यालय)</u>



स्वीकृत दरबन्दी

क्र.स.	तह	संस्या
१	प्रारम्भिक बाल शिक्षक	१३
२	प्राथमिक	७४
३	निमावि	३८
४	मावि	२९
५	साविक उमावि	१०
६	विद्यालय कर्मचारी	८
७	विद्यालय सहयोगी	८
	जम्मा	**१८०**



नगरतर्फ

क्र.स	तह	संख्या
१	आया	१८
२	सुरक्षा गार्ड	१०
३	बालविकासका सहजकर्ता	३
४	प्रावि	२
५	निमावि	१६
६	मावि	८
७	नेपाल भाषा	२
८	कार्यालय सहयोगी	१
	जम्मा	**६०**



समग्रमा जम्मा

क्र.स.	दरवन्दी प्रकृति	संख्या
१	स्वीकृति दरबन्दी (संघतर्फ)	१८०
२	नगरतर्फ	६०
	जम्मा	२४०



असल अभ्यासहरू

छात्रवृत्ति परीक्षा सञ्चालन, व्यवस्थापन तथा म्याचिङसम्बन्धी कार्यविधि, २०८३ अनुसार कक्षा ११ मा विद्यार्थी भर्ना

क्रसं	स्वीकृत फाराम संख्या	जम्मा फाराम भर्ने	अस्वीकृत फाराम	परीक्षामा सहभागी संख्या	उत्तीर्ण संख्या	पहिलो चरणको भर्ना	दोस्रो चरणको भर्ना	जम्मा सिट	खाली सिट
१	६४३	७७६	१३३	३७८	३६६	१६२	६	३२४	१५६

Wrap-up अन्तिम चरणमा आवेदन दिने विद्यार्थी र मनोनयनको अवस्था देहायबमोजिम रहेको छ ।

क्रसं	आवेदन दिने संख्या	छनोटमा नपर्ने संख्या	मनोनयन भएको संख्या	अन्तिम चरण सम्म जम्मा भर्ना	कैफियत
१	७२	३५	३७	१८७	१३७ कोटा खाली रहेका

संस्थागत विद्यालयको वर्गीकरण

क्र.स.	ग्रेड	सङ्ख्या
१	विशिष्टसहितको (क) वर्ग	७
२	क वर्ग	९
३	ख वर्ग	४६
४	ग वर्ग	८
५	घ वर्ग	८
	जम्मा	७८



शिक्षक बैंकसम्बन्धी विवरण



स्थानीय पाठ्यक्रम संशोधन निर्माण र पाठ्यपुस्तक विकासः

- "हाम्रो टोखा" कक्षा ५ देखि ७ संशोधन र कक्षा १ देखि ८ सम्मकै पाठ्यपुस्तक विकास र नि: शुल्क वितरण
- नेपाल भाषा पाठ्यक्रम ४-५ निर्माण
- तामाङ भाषा पाठ्यक्रम कक्षा १-३ को पाठ्यक्रम निर्माण र कक्षा १ को पाठ्यपुस्तक विकास
- सूचना प्रविधि कक्षा ६-८ को पाठ्यक्रम निर्माण र कक्षा ६ को पाठ्यपुस्तक विकास

शैक्षिक सत्र, 2082 को SEE को नतिजा

क्र.स.	जम्मा सहभागी विद्यार्थी	उत्तीर्ण विद्यार्थी	प्रतिशत	कैफियत
१	२६१०	२३१३	८९	सामुदायिक विद्यालयको मात्र ७५.५७ % र संस्थागतको ९२.२१%

शैक्षिक सत्र, २०८२ को कक्षा ८ को नतिजा

क्र.स.	जम्मा सहभागी विद्यार्थी	उत्तीर्ण विद्यार्थी	प्रतिशत	कैफियत
१	२७६६	२७२३	९८	

शिक्षक दरबन्दी मिलान गरी सोको प्रतिवेदन प्रकाशन

नगर शिक्षा नीति र योजना निर्माण

संस्थागत विद्यालयको शुल्क निर्धारण

असल अभ्यासहरू

- विद्यार्थी दिवाखाजा कार्यक्रम सञ्चालन (बाल कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी ५ रुपिया थप र कक्षा ६-१० सम्म प्रति विद्यार्थी २५ का दरले थप गरी विद्यार्थीहरूलाई दिवा खाजा व्यवस्थापन)
- हरेक सामुदायिक विद्यालयमा स्मार्ट बोर्डको व्यवस्थापन गरी विद्यालय तहको शिक्षालाई प्रविधिमैत्री बनाउने अभ्यासको सुरुवात
- एक शिक्षक एक ल्यापटम कार्यक्रम सञ्चालन गरिएको (पहिलो चरणमा १७ जना शिक्षकलाई ल्यापटप वितरण)
- युवाहरूको लागि कानूनी साक्षरता र लागु औषतसँग सम्बन्धित क्षमता विकास कार्यक्रम सञ्चालन
- शिक्षकका लागि Steam Education सम्बन्धी तालिम कार्यक्रम सञ्चालन (सम्बन्धित विद्यालयमा नै २/२ दिन सञ्चालन गरिएको र २४० जना शिक्षकको सहभागिता)
- विभिनन्न तहका परीक्षा तथा कार्यक्रमहरूको अनुगमन
- शिक्षक क्षमता विकास तालिम कार्यक्रम सञ्चालन

- ❖ अनिवार्य निः शुल्क शिक्षा घोषण (आधारभूत तहसम्म)
- ❖ वडा शिक्षा समिति गठन
- ❖ बाल कक्षा देखि उच्च शिक्षासम्मका करिब ३५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति कोषमार्फत छात्रवृत्ति प्रदान
- ❖ विभिन्न विधाका खेलकुद कार्यक्रम सञ्चालन (करिब ३०० जना खेलाडीको सहभागिता)
- ❖ शैक्षिक गुणस्तर परीक्षण (कक्षा ३ र ५ को)
- ❖ सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरू र स्काउट मास्टरहरूका लागि स्काउट तालिम कार्यक्रम सञ्चालन
- ❖ आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन र व्यवस्थापन (करिब २८०० जना विद्यार्थीहरूको सहभागिता ९८ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण)
- ❖ SEE परीक्षाको नतिजा ८० प्रतिशत

<u>मुख्य मुख्य समस्याहरू:</u>

सिकाइ उपलब्धि अपेक्षाअनुसार सुधार हुन नसक्नु

- भाषा, गणित र विज्ञान विषयमा आधारभूत सिकाइ उपलब्धि कमजोर हुनु।
- सिकाइ मूल्याङ्कनको नतिजा अपेक्षित स्तरमा नपुग्नु।

२. **शिक्षक व्यवस्थापन तथा विषयगत शिक्षकको अभाव**

- केही विद्यालयमा विषयगत शिक्षकको कमी।
- शिक्षक दरबन्दी र विद्यार्थी सङ्ख्याबीच असन्तुलन।
- ICT विषयमा दक्ष शिक्षकको अभाव।

३. **सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रभावकारी उपयोग हुन नसक्नु**

- डिजिटल सामग्री तथा स्मार्ट कक्षाको सीमित प्रयोग।

शिक्षकको डिजिटल क्षमता पर्याप्त नहुनु।

प्रारम्भिक बाल शिक्षाको गुणस्तरमा एकरूपता नहुनु

- निजी तथा सामुदायिक प्रारम्भिक बाल शिक्षा केन्द्रबीच गुणस्तरमा भिन्नता।

- बालमैत्री सिकाइ सामग्री र प्रशिक्षित सहजकर्ताको कमी।

५. विद्यालय पूर्वाधारमा असमानता

- केही विद्यालयमा पर्याप्त कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय तथा खेलमैदानको अभाव।
- अपाङ्गमैत्री संरचना सबै विद्यालयमा नहुनु।

६. विद्यालयमा परामर्श तथा मनोसामाजिक सेवाको कमी

विद्यार्थीमा बढ्दो मानसिक तनाव, व्यवहारगत समस्या तथा करियर परामर्शको अभाव।

साइबर सुरक्षा तथा सामाजिक सञ्जालको दुरुपयोग

- विद्यार्थीमा मोबाइल तथा सामाजिक सञ्जालको अत्यधिक प्रयोग।
- साइबर बुलिङ, अनलाइन गेम तथा डिजिटल लतको जोखिम।

८. विद्यालय—अभिभावक समन्वय प्रभावकारी हुन नसक्नु

- अभिभावकको नियमित सहभागिता न्यून।
- घर र विद्यालयबीच सिकाइ सहयोग कमजोर हुनु।

९. प्राविधिक तथा सीपमूलक शिक्षाको सीमित पहुँच

- स्थानीय श्रम बजारसँग जोडिएका सीपमूलक कार्यक्रमको अभाव।

उद्यमशीलता तथा रोजगारमुखी शिक्षामा सीमित अवसर।

समावेशी शिक्षामा चुनौती

- अपाङ्गता भएका, विपन्न तथा जोखिममा रहेका बालबालिकालाई आवश्यक सहयोगको कमी।
- विशेष आवश्यकता भएका विद्यार्थीका लागि पर्याप्त स्रोतको अभाव।

११. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा चुनौती

- "हाम्रो टोखा" स्थानीय पाठ्यक्रमको प्रभावकारी शिक्षणका लागि शिक्षक क्षमता विकास आवश्यक।
- स्थानीय सिकाइ सामग्री तथा निरन्तर अनुगमनको आवश्यकता।

१२. विद्यालय अनुगमन तथा गुणस्तर सुनिश्चितीकरण कमजोर हुनु

- नियमित शैक्षिक सुपरिवेक्षणको कमी।

विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनमा चुनौती।

विद्यालयमा जीवनोपयोगी शिक्षा तथा नैतिक शिक्षाको कमी

- जीवन सीप, वित्तीय साक्षरता, वातावरण संरक्षण, नागरिक शिक्षा र नैतिक मूल्यसम्बन्धी व्यवहारिक सिकाइ सीमित हुनु।

१४. **विपद् जोखिम व्यवस्थापन तथा सुरक्षित विद्यालयको चुनौती**

- भूकम्प, आगलागी तथा अन्य विपद्को तयारी सबै विद्यालयमा समान स्तरमा नहुनु।
- विपद्का समयमा सिकाइ निरन्तरताका लागि पर्याप्त तयारीको अभाव।

१५. **शैक्षिक तथ्याङ्क व्यवस्थापनमा चुनौती**

- विद्यालयबाट प्राप्त विवरणको गुणस्तर तथा समयमै अद्यावधिक नहुनु।

तथ्याङ्कमा आधारित योजना निर्माण र निर्णय प्रक्रियालाई अझ सुदृढ बनाउन आवश्यक हुनु।

विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइमा सुधार आवश्यक

- किशोरकिशोरी स्वास्थ्य, महिनावारी व्यवस्थापन तथा पोषणसम्बन्धी कार्यक्रमलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता।

१७. **शिक्षा र रोजगारीबीचको सम्बन्ध कमजोर हुनु**

विद्यालय तहदेखि नै करियर मार्गदर्शन तथा सीप विकास कार्यक्रम पर्याप्त नहुनु।

<u>मुख्य मुख्य चुनौतीहरू</u>

- ✓ गुणस्तरीय तथा समतामूलक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु।
- ✓ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थी र अभिभावकको विश्वास तथा आकर्षण वृद्धि गर्नु।
- ✓ विद्यार्थीको सिकाइ उपलब्धि, आधारभूत सीप तथा शैक्षिक नतिजामा अपेक्षित सुधार ल्याउनु ।
- ✓ शिक्षक व्यवस्थापन, विषयगत शिक्षकको उपलब्धता तथा शिक्षकको निरन्तर पेशागत क्षमता विकास सुनिश्चित गर्नु।

सूचना तथा सञ्चार प्रविधिमा आधारित (ICT) शिक्षण—सिकाइ, डिजिटल पूर्वाधार र नवप्रवर्तनको प्रभावकारी विस्तार गर्नु।

- ✓ समावेशी शिक्षा, पर्याप्त वित्तीय स्रोत व्यवस्थापन तथा तथ्यमा आधारित योजना र निर्णय प्रणालीलाई सुदृढ गर्दै दिगो शैक्षिक विकास सुनिश्चित गर्नु।

- ✓ शैक्षिक तथ्याङ्क, सूचना व्यवस्थापन तथा प्रविधिमा आधारित योजना प्रणालीलाई सुदृढ गर्नु।
- ✓ विद्यालयको यथार्थ तथ्याङ्क संकलन, विश्लेषण र तथ्यमा आधारित योजना तथा निर्णय प्रणालीलाई प्रभावकारी बनाउनु।

प्रारम्भिक बाल विकासदेखि आधारभूत र माध्यमिक तहसम्म गुणस्तरीय, बालकेन्द्रित, समावेशी र सिकाइमुखी शिक्षण—सिकाइ प्रणाली विकास गर्नु।

शिक्षा क्षेत्र सुधारका प्रमुख उपायहरू

सिकाइ उपलब्धि अभिवृद्धि तथा आधारभूत सिकाइ सीप सुदृढीकरण गर्ने

भाषा, गणित, विज्ञानलगायत आधारभूत विषयमा विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न सिकाइ उपलब्धिको नियमित परीक्षण, कमजोर विद्यार्थीको पहिचान, उपचारात्मक शिक्षण तथा विद्यार्थीको स्तरअनुसार अतिरिक्त सिकाइ कार्यक्रम सञ्चालन गर्ने।

२. **शिक्षक व्यवस्थापन तथा निरन्तर पेशागत विकासलाई प्रभावकारी बनाउने**

विद्यालयको विद्यार्थी सङ्ख्या, विषयगत आवश्यकता र शिक्षक दरबन्दीका आधारमा शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान गर्ने र शिक्षकको विषयगत, ICT, बालमैत्री शिक्षण तथा आधुनिक शिक्षण विधिसम्बन्धी निरन्तर पेशागत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

ICT तथा डिजिटल शिक्षण—सिकाइ प्रणालीको विस्तार गर्ने

विद्यालयमा आवश्यक डिजिटल पूर्वाधार विकास गरी स्मार्ट कक्षा, डिजिटल सिकाइ सामग्री, अनलाइन स्रोत तथा प्रविधिमैत्री शिक्षणको विस्तार गर्ने र शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता अभिवृद्धि गर्ने।

२. **प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय र बालकेन्द्रित शिक्षा सुनिश्चित गर्ने**
   प्रारम्भिक बाल विकास केन्द्रको गुणस्तरमा एकरूपता कायम गर्दै प्रशिक्षित सहजकर्ता, उपयुक्त सिकाइ सामग्री र बालमैत्री वातावरणको व्यवस्था गर्ने तथा आधारभूत र माध्यमिक तहमा बालकेन्द्रित, समावेशी र सिकाइमुखी शिक्षण पद्धति अवलम्बन गर्ने।
३. **विद्यालय पूर्वाधार तथा सुरक्षित, बालमैत्री र समावेशी वातावरण विकास गर्ने**
   कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, खानेपानी, शौचालय, खेलमैदानलगायत आवश्यक पूर्वाधारको विकास तथा स्तरोन्नति गर्ने र अपाङ्गतामैत्री संरचना, सुरक्षित विद्यालय तथा विपद् जोखिम न्यूनीकरणका उपायलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने।
२. ६. **स्थानीय पाठ्यक्रम, सीपमूलक तथा रोजगारमुखी शिक्षालाई प्रभावकारी बनाउने**
   "हाम्रो टोखा" स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक अभिमुखीकरण, स्थानीय सिकाइ सामग्री विकास तथा नियमित अनुगमन गर्ने। साथै विद्यार्थीलाई जीवनोपयोगी सीप, उद्यमशीलता, वित्तीय साक्षरता, प्राविधिक तथा व्यावसायिक सीप र करियर मार्गदर्शनसँग जोड्ने।

३. **विद्यार्थीको मानसिक स्वास्थ्य, परामर्श तथा जीवनोपयोगी शिक्षालाई सुदृढ गर्ने**

विद्यालयमा विद्यार्थीको मनोसामाजिक अवस्था पहिचान, परामर्श सेवा, करियर मार्गदर्शन तथा जीवनोपयोगी शिक्षाका कार्यक्रम सञ्चालन गर्ने र किशोरकिशोरी स्वास्थ्य, पोषण तथा महिनावारी व्यवस्थापनसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउने।

२. ८. **साइबर सुरक्षा तथा डिजिटल व्यवहारसम्बन्धी सचेतना अभिवृद्धि गर्ने**

विद्यार्थी, शिक्षक र अभिभावकलाई सुरक्षित इन्टरनेट प्रयोग, साइबर सुरक्षा, साइबर बुलिङ, सामाजिक सञ्जालको जिम्मेवार प्रयोग तथा अनलाइन गेमिङ र डिजिटल लतका जोखिमसम्बन्धी नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने।

३. **समावेशी तथा समान अवसरमा आधारित शिक्षा सुनिश्चित गर्ने**

अपाङ्गता भएका, विपन्न, जोखिममा रहेका तथा विशेष आवश्यकता भएका बालबालिकाको पहिचान गरी आवश्यक शैक्षिक सामग्री, छात्रवृत्ति, सिकाइ सहयोग तथा अन्य लक्षित सेवाको व्यवस्था गर्ने र कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहुने वातावरण निर्माण गर्ने।

२. १०. **विद्यालय—अभिभावक—समुदाय साझेदारी सुदृढ गर्ने**

अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम, नियमित अभिभावक—शिक्षक संवाद, विद्यार्थीको सिकाइ प्रगतिबारे सूचना आदानप्रदान तथा समुदायको सहभागितालाई संस्थागत गर्दै विद्यालयप्रति अभिभावक र समुदायको विश्वास तथा अपनत्व वृद्धि गर्ने।

३. **विद्यालय अनुगमन, शैक्षिक सुशासन तथा गुणस्तर सुनिश्चितीकरण सुदृढ गर्ने**

नियमित शैक्षिक सुपरिवेक्षण, विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन, प्रधानाध्यापक तथा शिक्षकको कार्यसम्पादनमा आधारित अनुगमन, असल अभ्यासको आदानप्रदान तथा सुधारका लागि नियमित पृष्ठपोषणको व्यवस्था गर्ने।

२. १२. **तथ्यमा आधारित योजना, शैक्षिक तथ्याङ्क व्यवस्थापन तथा अन्तरसरकारी समन्वय सुदृढ गर्ने**

विद्यालयको विद्यार्थी, शिक्षक, भौतिक अवस्था, सिकाइ उपलब्धि तथा अन्य शैक्षिक तथ्याङ्कलाई नियमित रूपमा अद्यावधिक र प्रमाणीकरण गरी तथ्यमा आधारित योजना तथा बजेट निर्माण गर्ने। साथै सङ्घ, प्रदेश, स्थानीय तह, विद्यालय, अभिभावक तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय र साझेदारी कायम गरी उपलब्ध स्रोतको अधिकतम उपयोग गर्ने।

समग्रमाः

- टोखा नगरपालिकाले विद्यालय शिक्षा सुधार, स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन, शिक्षक क्षमता विकास, दिवा खाजा, छात्रवृत्ति, ICT प्रवर्द्धन, अतिरिक्त क्रियाकलाप तथा शैक्षिक पूर्वाधार विकासलगायतका क्षेत्रमा गरेका निरन्तर प्रयासबाट शिक्षा क्षेत्रमा सकारात्मक सुधारका आधारहरू निर्माण भएका छन्।

- यद्यपि सिकाइ उपलब्धि, विषयगत शिक्षक व्यवस्थापन, प्रविधिको प्रभावकारी उपयोग, समावेशी तथा गुणस्तरीय शिक्षा, विद्यालय पूर्वाधार, परामर्श सेवा, तथ्यमा आधारित योजना तथा विद्यालय—अभिभावक समन्वयलगायतका क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।
- आगामी दिनमा विद्यमान असल अभ्यासलाई संस्थागत गर्दै तथ्यमा आधारित योजना तथा लगानी, प्रभावकारी अनुगमन, शिक्षकको पेशागत क्षमता विकास, प्रविधिमैत्री तथा बालकेन्द्रित शिक्षण र सरोकारवालाबीचको सहकार्यलाई थप सुदृढ गरी टोखा नगरपालिकालाई गुणस्तरीय, समतामूलक, समावेशी र परिणाममुखी शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्नुपर्ने देखिन्छ।

स्वास्थ्य शाखाः

आर्थिक अवस्था

क्र.स	**शीर्षक**	**विनियोजित**	**खर्च**	**प्रतिशत**
१	आन्तरिक	२९५६००००	२१२४९५८५	७१.८८
२	सशर्त	३५१९००००	३३२५१८४०	९४
	जम्मा	**६४७५००००	**५४५०१४२५**	**८४**

खोप पाएका वच्चाको प्रतिशतः

गर्भवती जाँच गर्ने महिलाहरूको प्रतिशत



कम्तिमा १ पटक

प्रोटोकल अनुसार ४ पटक

प्रोटोकल अनुसार ८ पटक


वृद्धि अनुगमन दर्ता र कुपोषण अवस्था: २ वर्ष मुनि
160
140
120
100
80
60
40
20
0
1.2
1.05
0.9
0.75
0.6
0.45
0.3
0.15
0
132.55
0.64
97.52
0.89
113.42
1.17
श्रावण २०८० - असार २०८१
श्रावण २०८१ - असार २०८२
श्रावण २०८२ - असार २०८३
वृद्धि अनुगमनमा नयाँ दर्ता (०-११ महिना)
कम तौल भएका (०-२३ महिना)

सुत्केरी भए पश्चात घरमै २ पटक सुत्केरी जाँच सेवा पाएमा महिलाहरूको प्रतिशत



जम्मा पत्ता लागेका क्षयरोगी (जनामा) र निको हुने दर (प्रतिशतमा



OPD सेवा लिएका नयाँ र पुराना सेवाग्राही संख्या (सरकारी र निजी)





नगरपालिकावाट उपचार सहुलियत विवरण

- क्यान्सर तथा मृगौला पिडितले पाउने रू ३५ हजार पाउने सेवाग्राही : ५० जना
- गंगालाल वाट रू ५० हजार सम्म सहुलियत पाउने सेवाग्राही : ४ जना
- रक्त संचार सेवा लिने सेवाग्राही संख्याः १७ जना
- विपन्न नागरिक उपचार सहुलिय पाउने सेवाग्राही संख्या : ९३ जना

<u>सामाजिका समावेशीकरण शाखा</u>

परिचय

- सामाजिक समावेशीकरण शाखाले समाजका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, महिला, दलित, जनजाति, सीमान्तकृत तथा पछाडि परेका समुदायको अधिकार ,संरक्षण ,सहभागिता र सशक्तिकरणका लागि आवश्यक कार्य गर्दछ। यस शाखाले सामाजिक संघ-संस्थाको दर्ता नविकरण नियमन ,अनुगमन तथा समन्वय

सम्बन्धी कार्य गर्नुका साथै ज्येष्ट नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिका सम्बन्धी कार्यक्रम तथा सेवाको व्यवस्थापन र सहजीकरण गर्दछ। साथै लक्षित वर्ग तथा समुदायका लागि सरकारी तथा गैरसरकारी सामाजिक संघ-संस्था र अन्य सरोकारवाला पक्षसँग समन्वय र सहकार्य गर्दै सामाजिक न्याय ,समानता, संरक्षण र समावेशी विकास प्रवर्द्धन गर्ने कार्य यस शाखाले गर्दछ।

उदेश्य

समग्रमा महिला बालबालिका ज्येष्ट नागरिक ,अपाङ्गता भएका व्यक्ति, र लैङ्गिक यौनिक अल्पसंख्य तथा सीमान्तकृत वर्गको अधिकार र हित संरक्षण गर्दै सामाजिक संघ-संस्थालाई व्यवस्थित उत्तरदायी जवाफदेही र प्रभावकारी रुपमा सामाजिक न्याय स्थापना तथा सञ्चालन र सहजीकरण गर्नु यस शाखाको प्रमुख उदेश्य रहेको छ ।

सामाजिक समावेशीकरण शाखाको बजेट तथा खर्चको अवस्था २०८२/८३

विवरण	रकम	कैफियत
विनियोजित बजेट	रु.६६,४०,०००।	
कुल खर्च	रु.४८,७६,६७७।	
खर्च हुन बाकी	रु.१७,६३,३२३।	
वित्तिय प्रगती	७३.४४%	यस शाखाद्धारा गै.स.स हरुलाई व्यापक परिचालन गरी लक्ष्य भन्दा बढी कार्य सम्पन्न गरेको ।
खर्च हुन बाँकी प्रतिशत	२६.५६%	

मुख्य उपलब्धिहरू

- टोखा नगरपालिकाको बाल संरक्षण सम्बन्धी एकिकृत कार्यविधि निर्माण गरी पारित गरिएको
